**जाडो मौसममा सवारी दुर्घटनाको जोखिम बढी हुन सक्छ।**

- सावधानीपूर्वक सवारीसाधन चलाऔं।
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ती बालेरमात्र सवारीसाधन चलाऔं।
- सवारीसाधन चलाउँदा मादक पदार्थ सेवन नगरौं।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं।
- आफू पनि बचौं, अरूलाई पनि बचाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २६ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 09 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६३

## घरबहाल कर मात्रै इमानदारीपूर्वक तिर्ने हो भने अन्य कर खारेज गर्छु

### - नगरप्रमुख सिंह

प्रस, वीरगंज, २५ माघ/

वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले उद्योगी, व्यापारी र घरधनीहरूले इमानदारीपूर्वक घरबहाल कर मात्र महानगरलाई बुझाएको खण्डमा अन्य सबै करहरू खारेज गर्ने बताएका छन्।

प्रतीक दैनिकसँग बुधवार कुराकानी गर्दै उनले महानगरपालिकाले अन्य करहरू खारेज गर्ने तर घरबहाल कर मात्र इमानदारीपूर्वक बुझाउनुपर्ने शर्त तेर्स्याएका हुन्। नगरप्रमुख सिंहले घरको बहाल बढी लिने तर घरबहाल कर भने थोरै मात्र तिर्ने गरेको बताए। वीरगंजमा पछिल्लो समयमा फ्ल्याटमा बस्नेहरूले बढी भाडा तिरिरहेको र त्यसैगरी घर धनीहरूले पसलको भाडा बढी लिने, घरबहाल कर थोरै रकमको तिर्ने गरेको गुनासो गरे। उनले महानगरको आन्तरिक स्रोत वृद्धिका लागि गृहकार्य गरिरहेको बताए।

मनपाले अहिले वार्षिकरूपमा सय करोड आन्तरिक स्रोतबाट कर सङ्कलन गरिरहेको र आउँदो वर्ष यसलाई बढाएर डेढ सय करोड पुर्‍याउने बताए। चालू आवको छ महीनामा गत वर्षभन्दा कर बढी सङ्कलन भएको उनले बताएका छन्। मनपालाई करदातामैत्री बनाउनको लागि आफू नेतृत्वमा आएपछि धेरै कुरा गरेको उनले दाबी गरे। पहिलेको तुलना अहिले कर तिर्न सहज पारिएको कारण पनि करदाताहरूको सङ्ख्या बढेको बताए।

कर तिर्नेहरूलाई कुनै पनि प्रकारको झन्झट, झमेलाको सामना गर्नु नपरोस् भनेर सो अनुरूप वातावरण बनाइदिएको नगरप्रमुख सिंहले बताए। उनले मनपामा नक्शा पास गरेर घर बनाउने वातावरण बनाउन लागेको र त्यसका लागि पनि गृहकार्य भइरहेको बताए। नक्शा पास गर्दा अहिले कुनै पनि किसिमको झन्झट झमेला नरहेको र उल्टो मनपाले नक्शा



नगरप्रमुख सिंहसँग वार्तालाप गर्दै प्रतीक दैनिकका प्रधान सम्पादक जगदीशप्रसाद शर्मा र सम्पादक शत्रुघ्न नेपाल। तस्वीरः प्रतीक

पास गराउनेहरूलाई सहुलियत दिएको बताए। मनपामा जोडिएको नयाँ वडाहरूमा घर बनाउँदा नपाले नक्शा डिजाइन गरिदिने, प्राविधिक सहयोगलगायत सुविधा उपलब्ध गराउँदा पनि नक्शा पास गराउनेहरूको सहभागिता सन्तोषजनक नभएको उनको भनाइ छ।

नगरप्रमुख सिंहले महानगरले अहिले नयाँ वर्षलाई लक्षित गरेर १२ वटा योजनामा सार्वजनिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत काम भइरहेको र यो वीरगंज महानगरपालिकाको देखिने योजना भएको बताए। उनले आफूले गर्ने कामबारे पूर्वघोषणा गर्दा थुप्रै ठाउँबाट अवरोध सिर्जना भइरहेको भन्दै काम गरेर देखाउनेगरी कार्य गरिरहेको बताए। अबका दिनमा योजनाहरू सार्वजनिक गर्नुभन्दा पूरा गरेर देखाउने लक्ष्यका साथ अगाडि बढिरहेको उनले प्रस्ट्याए। महानगरपालिकाले गर्ने धेरै कार्यहरू भए पनि प्राथमिकताका आधारमा काम गरिरहेको उनको भनाइ छ।

वीरगंज महानगरपालिकामा आफू नेतृत्वमा आएदेखि सरसफाइमा सुधार भए पनि चित्तबुझ्दो नभएको उनले बताए। सुधार भएको छ तर यो सुधारबाट म सन्तुष्ट छैन, उनले भने। यसमा पूर्ण सफलताको लागि थप कार्य भइरहेको उनले बताए। मनपाले यस अघि २२ वर्षका लागि फोहर व्यवस्थापन केन्द्रको निर्माण गरे पनि अहिले नै सो फोहर व्यवस्थापन केन्द्र भरिसकेको त्यस्तो हुनुमा केन्द्रको मर्म अनुरूप काम गर्न सकिएको बताए। उनले कुहिने र नकुहिने फोहर छुट्टाछुट्टै सङ्कलन गर्नुपर्नेमा त्यस्तो कार्य नभएको र फोहर व्यवस्थापन केन्द्रमा लगिने फोहर एकै ठाउँमा फाल्दा फोहर व्यवस्थापन केन्द्र तीन चार वर्षको अवधिमा भरिएको बताए। त्यसमा सुधार गर्नुपर्ने अवस्था आएको बताए।

नगरप्रमुख सिंहले अबका दिनमा मनपाले बनाउने कालोपत्र गुणस्तरीय हुने दाबी गरे। उनले एक्सपर्ट्स मेसिनबाट कालोपत्र गरिने बताए। यस अघिको प्रविधिबाट बनेको सडक टिकाउ नभएको र जनताले आलोचना गर्दै आएको कारण अबका दिनमा बन्ने सडकहरू गुणस्तरीय हुने उनले बताए। सडकका साथै नालाहरू पनि गुणस्तरीय बन्ने र बनेका नालाहरूमा कभर राख्ने व्यवस्था गर्ने उनले बताए।

आफ्नो कार्यकालमा बिकाउभन्दा टिकाउ काम हुने उनले बताए। अहिले विवादमा रहेको महात्मा गाँधी रोडसम्बन्धमा उनले सरोकारवालाहरूसँग छलफल गरेर सडकको नामाकरण गरिएको बताए। नगरप्रमुख सिंहले महात्मा गाँधी मार्गको लागि पिपरावासी ९५ जना पक्षमा भएको र तर केही व्यक्तिको उक्साहटमा यसविरुद्ध अभियान चलाइएको आरोप लगाए। महात्मा गाँधीको नाममा ८४ देशमा सडक नामाकरण र शालिक रहेको भन्दै उनले शान्तिका प्रवर्तक गाँधीको नाममा सडक नामाकरण हुँदा विवाद गर्न नहुने तर्क गरे। उनले यस विषयमा उठेका सबैखाले आरोप मिथ्या भएको बताए।

भारत सरकारको सहयोगमा विपी उद्यानमा आधुनिक नगरसभागृह निर्माण र ज्येष्ठ नागरिक पार्क आधुनिकीकरण गर्ने योजना रहेको भन्दै उनले भारत सरकारको सहयोगमा बन्नमा ढिला भएको खण्डमा महानगरले आफैंले सो कार्य गर्ने प्रतिबद्धता जाहेर गरे। भारतीय दूतावासले यो निर्माणमा चासो देखाएको भन्दै उनले योजना स्वीकृत हुन ढिला भए आफ्नै स्रोतबाट पूरा गर्ने तर योजना विफल हुन नदिने बताए।

नगरप्रमुख सिंहले वीरगंज मनपाभित्र रहेका सबै सडकको नामाकरण गर्नेगरी काम भइरहेको र सोही अनुरूप महात्मा गाँधी मार्ग नामाकरण गरिएको बताए। वीरगंजको लागि योगदान दिने उद्योगी व्यापारी, पत्रकार, कानून व्यवसायी, साहित्यकार, राजनीतिकर्मीलगायत व्यक्तिको नाममा सडकको नामाकरण गरिने उनले बताए।

## प्रादेशिक आर्युवेद अस्पताल वीरगंजमा औषधी अभाव

प्रस वीरगज,२५ माघ/

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगंजमा औषधी अभाव भएको छ। सो अस्पतालले ६ महीनादेखि




औषधी खरीद नगरेकोले बिरामीहरू समस्या भोग्दै आएका छन्। कार्यालय प्रमुख र कर्मचारीहरूबीच आपसी मनमुटावका कारण औषधी खरीदमा ढिला भएको र त्यसको मार बिरामीहरूले खेप्नुपरिरहेको छ।

अस्पतालका अध्यक्षसमेत रहेका जिल्ला समन्वय समिति पर्साका सभापति अजय सरार्फले कर्मचारीहरूको आपसी द्वन्द्व समाधानका लागि प्रयास भइरहेको बताए। उनले जिल्ला अस्पतालबाट अपग्रेट भएर प्रादेशिक अस्पताल भएपछि औषधी खरीद र आधुनिक प्रयोगशाला निर्माणका लागि एक/एक करोड रुपियाँ मधेस प्रदेश सरकारले पठाएको तर कर्मचारीहरूको आपसी द्वन्द्वको कारण औषधी खरीद प्रक्रिया र प्रयोगशाला निर्माण कार्य अगाडि बढ्न नसकेको बताए। उनले औषधी खरीद र प्रयोगशाला निर्माणमा ढिला भएको र टेन्डरसमेत प्रकाशित नभएकोले दुई करोड रकम फिर्ता जान सक्ने भनेर चिन्ता जाहेर गरे।

यो अस्पतालमा गत वर्ष कोटेशनमा औषधी खरीद भएको थियो। कोटेशनबाट औषधी खरीद गर्दा अनियमितता हुन सक्ने भनेर एकथरी कर्मचारी टेन्डर गर्नुपर्ने अडानमा छन् भने एकथरी पुरानै तरीकाबाट कोटेशनबाट औषधी खरीद गर्ने मनसाय बनाएर बसेका छन्। तर न कोटेशनबाट औषधी खरीद भएको छ, न औषधी खरीदका लागि टेन्डर प्रक्रिया नै अगाडि बढाइएको छ।

कार्यालय प्रमुख डा. रमेश मिश्रले लेखापाल रामबालक यादवले हस्तक्षेप गरेको कारण औषधी खरीद हुन नसकेको दोषारोपण लगाए। उनले विवादमा पर्नुभन्दा अन्यत्र सरुवा हुन चाहेको बताए। उनले प्रदेश सरकारसँग सरुवा माग गरेको बताए। लेखापाल यादवले भने प्रमुखसँग विवाद नरहेको बताए। उनले खरीद प्रक्रियाका लागि प्रमुख र स्टोर शाखाको दोष भएको बताए। प्रक्रियागत रूपमा खरीद भएका वस्तुको भुक्तानी मात्र गर्ने भन्दै आफूलाई अनाहक विवादमा पार्न नहुने बताए। उनले अहिलेसम्म प्रमुखले भनेको स्थानबाट औषधी खरीद हुँदै आएको पनि बताए।

> प्रादेशिक अस्पताल मातहत रहेका पर्साका चौधवटा स्थानीय तहमा अहिले औषधि अभाव भएको छ। ६ महीनादेखि औषधी आपूर्ति नहुँदा नागरिक आरोग्य सेवा केन्द्र पर्सागढीको बडनियार, छिपहरमाई, पटेर्वासुगौली, बहुदरमाई र वीरगंजको बिर्तामा रहेका केन्द्रहरूमा औषधी छैन। स्थानीय तहले जिम्मा पाएको विन्ध्यवासिनी, जगरनाथपुर, पोखरियाको बैरियाबिर्ता र रानीगंज, ठोरीमा रहेको आयुर्वेदिक औषधालयमा पनि औषधि छैन।

## रोपिएका बिरुवा संरक्षणमा ध्यान दिन आग्रह

प्रस, वीरगंज, २५ माघ/

सामुदायिक प्रहरी साझेदारी




कार्यक्रम अन्तर्गत ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको आयोजना र वीरगंज महानगर र राष्ट्रपति चुरे तराई मधेस विकास समिति भरतपुरको सहयोगमा बुधवार वीरगंज मनपाको मुख्य सडकको डिभाइडरमा वृक्षारोपण गरिएको छ।

नगरप्रमुख राजेशमान सिंहले वृक्षारोपण गरेर कार्यक्रमको शुभारम्भ गरेका थिए। उनले हराभरा स्वच्छ वीरगंजको लागि वृक्षारोपण गरिएको बताए। वृक्षारोपण गर्नु मात्र पुरुषार्थ होइन भन्दै उनले यसको संरक्षणमा ध्यान नदिंदा यस अघिका कार्यक्रम प्रभावहीन भएको बताए।

वृक्षारोपण गरेर त्यसको संरक्षण गरेमात्र फल प्राप्त हुने भन्दै कार्यक्रमलाई औपचारिकता दिनुभन्दा वृक्षारोपणसँगै संरक्षणमा पनि ध्यान दिन सुझाए। नपाले वृक्ष संरक्षणको लागि काम गर्दै आएको उनले दाबी गरे।

घण्टाघरदेखि पावरहाउससम्मको क्षेत्रमा खाली रहेका डिभाइडरमा आज म्याङ्गो स्टीक, सिङ्गापुरी, रातोरानी र गुलाबगरी दुई सयवटा बिरुवा रोपिएको थियो।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, सहायक प्रजिअ महेशराज तिम्सिना, प्रहरी उपरीक्षक कोमल शाह, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नीतेश कुमार, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल, पर्सा प्रहरी प्रवक्ता निर्मल बुढाथोकी, व्यवस्थित वीरगंज अभियानका दिलीपराज कार्की, महानगर सरसफाइ अधिकृत सर्फुद्दीन मियाँ, ज्येष्ठ नागरिक वसन्तप्रसाद उपाध्याय, वीरगंज युवा समाजका कमल चौगाईलगायत विभिन्न संस्थाका पदाधिकारीहरूको सहभागिता थियो।

## राप्रपा, पर्साबाट चारजना निष्कासित

प्रस, वीरगंज, २५ माघ/

राप्रपा, पर्साले चारजनालाई पार्टीबाट निष्कासन गरेको छ। शम्भुप्रसाद चौरसिया, विश्वनाथसाह तेली, बाबूलाल शर्मा र शम्भुप्रसाद घिमिरेलाई साधारण सदस्यसमेत नरहनेगरी निष्कासित गरेको राप्रपा पर्साका अध्यक्ष सुमेश्वरनाथ उपाध्यायले बताए।

उनले बुधवार विज्ञप्ति प्रकाशित गरी बाबूलाल शर्माको अध्यक्षतामा पर्सा जिल्ला तदर्थ समिति घोषणा गरिएको र माघ २९ गते कार्यकर्ता भेला बोलाएकै बीच माघ २४ गते बसेको जिल्ला कासको आकस्मिक बैठकले चारैजनालाई पार्टी हितविपरीत कार्य गरेको भन्दै साधारण सदस्यसमेत नरहने गरी निष्कासित गरिएको जनाएको छ।

यस सन्दर्भमा पूर्व केन्द्रीय सदस्य शम्भुप्रसाद चौरसियाले पार्टीको कुनै सदस्यलाई निष्कासन गर्ने अधिकार केन्द्रको हो, जिल्लालाई त्यस्तो अधिकार छैन भनी बताएका छन्।

## हराएका १६ वटा सीमास्तम्भमध्ये दुईवटा भेटियो



तस्वीरः धर्मेन्द्र चौरसिया

ओमप्रकाश चौधरी, सेढवा २५ माघ/

पर्साका सुरक्षा निकायका अधिकारीहरूले बुधवार जगरनाथपुर गाउँपालिका-१ मा रहेको सीमा स्तम्भको अनुगमन गरेका छन्। सुरक्षा अधिकारीहरूले नेपाल-भारत सीमास्थित ओरिया खोलामा भेटिएका सीमा स्तम्भको अवलोकन गरेका हुन्।

ओरिया खोलामा रहेको सीमा स्तम्भहरूमध्ये १६ वटा सीमास्तम्भ केही समयदेखि हराइरहेको थियो। सो ठाउँबाट हालै ४२२, ४२२/१ नम्बरको सीमास्तम्भ बालुवाले पुरिएको अवस्थामा भेटिएको छ।

भारतीय पक्षले टेन्डर गरी खोलाबाट नदीजन्य पदार्थ उत्खनन गर्दा दुईवटा हराएको सीमास्तम्भ फेला परेको हो। हराएका १६ वटा सीमास्तम्भमध्ये १४ वटा अझै फेला पर्न सकेको छैन। भारतीय पक्षले दशगजा क्षेत्रमा समेत उत्खनन गरेको देखिएपछि नेपाली अधिकारीहरूले सो कार्य रोक्न एसएसबीलाई सुझाएका थिए। घटनास्थलमा आज भारतीय एसएसबीका जिम्मेवार अधिकारी उपस्थित नभएकाले उच्च अधिकारीहरूसँग छलफल गरी उत्खननबारे निर्णय गर्ने बताएको गापा अध्यक्ष श्रीकान्त यादवले जानकारी गराएका छन्।

अनुगमन टोलीमा पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मी, प्रहरी उपरीक्षक कोमल साह, सशस्त्र प्रहरी उपरीक्षक सुमन थपलिया, प्रहरी निरीक्षक किशोर आचार्य, वडाध्यक्ष लक्ष्मी साह, सुभाष यादवलगायतको सहभागिता थियो।

**विचारसार एवं सूक्तिहरू**

**महान विचारले नै महान परिस्थिति उत्पन्न गर्छ र अपनाउने व्यक्ति महान बन्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# सामुदायिक वनको प्रभावकारिता

**आजभन्दा करीब चार दशक पहिले काभ्रे जिल्लाको टुकुचानालामा मुलुककै पहिलो सामुदायिक वन उपभोक्ता समूह गठन भएको थियो। यसको सफलताले गर्दा आज मुलुकमा करीब २३ हजार सामुदायिक वन उपभोक्ता समूह गठन भइसकेको छ। गठित वन समूहहरूलाई २२ लाख ७८ हजार ९८० हेक्टरभन्दा बढी राष्ट्रिय वन हस्तान्तरण गरिसकिएको छ। वन उपभोक्ता समूहमा करीब ३१ लाख ८ हजार ९ सय ४४ घरधुरी आबद्ध छ। राज्य तहको नियन्त्रणबाट वन विनाशको क्रम नरोकिएपछि सामुदायिक वनको अवधारणा आएको इतिहास छ। नेपालमा २०१३ सालमा वन राष्ट्रियकरण गर्नु अघि कुनै न कुनै रूपमा वन स्थानीयस्तरका व्यक्तिको नियन्त्रणमा थियो। त्यति बेला दरबारसम्म पहुँच भएका वा दरबारले स्थानीय अधिकार दिएका व्यक्तिहरूको अधीनमा वन क्षेत्र रहन्थ्यो भने गाउँका गण्यमान्य अगुवाहरूले पनि वन नियन्त्रणमा राखेका हुन्थे। स्थानीय स्तरमा किपट, बिर्तावाल, जिम्मेवाल, मुखिया, चिताएदारलगायतको चलन थियो। वनमा उनीहरूकै नियन्त्रण थियो। राष्ट्रियकरणसँगै वन विनाश बढेको पाइन्छ। वनको अधिकार राज्यले लिए पनि सबै ठाउँमा राज्यको पहुँच तथा उपस्थिति थिएन। तत्कालीन अवस्थामा मानिसको जीवन वनविना चल्दैनथ्यो। परिणामस्वरूप वन विनाश भयो।**

**आज सामुदायिक वन नेपालको मौलिक पहिचान बनिसकेको छ। संसारभरि वन संरक्षण र संवर्द्धनमा सरकार तथा राज्य पक्ष असफल भइरहेको बेला नेपालमा सामुदायिक वनको अवधारणा विकास भएको हो। वन विनाशलाई रोक्न, प्राकृतिक विपत न्यूनीकरण गर्न र स्थानीय समुदायलाई आवश्यक पर्ने घाँस, दाउरा, काठ र वन पैदावरको सहज आपूर्तिका हाम्रो सामुदायिक वन पद्धतिले सफलता प्राप्त गरिरहेको छ। नेपालको सामुदायिक वन पद्धतिको सिको तथा अनुसरण विदेशी मुलुकहरूमा समेत भइरहेको छ र यो संसारभरि नै विस्तारको क्रममा छ।**

**सामुदायिक वनको नेतृत्वमा मुलुक यति अगाडि बढिसक्दा पनि केही समस्या भने छँदैछ। सामुदायिक वन उपभोक्ता समूहका लागि उपभोक्ता पहिचान मुख्य समस्या हो। जिल्ला वन अन्तर्गत सामुदायिक वन, साझेदारी सामुदायिक वन र आरक्ष तथा निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गतको मध्यवर्ती सामुदायिक वनको उपभोक्ता पहिचान मापदण्डमा एकरूपता छैन। योसँगै एउटा वन क्षेत्रलाई दुई वा दुईभन्दा बढी क्षेत्रका उपभोक्ताले आफ्नो उपभोग्य क्षेत्र भनेर दाबी गर्ने समस्या छ। यो अवस्थमा सम्न्धित विभागका सरकारी कर्मचारीले उपभोक्ताबीच खेल्न खोज्ने प्रवृत्ति देखिएको छ। यसको असर अन्ततः वन संरक्षण, सक्षम नेतृत्व चयन र आर्थिक पारदर्शितातर्फ गएर जोडिन्छ। जसले सामुदायिक वनको नाममा कहीं, कतै विकृति र उपभोक्तामा नैराश्य आएको पनि देखियो। व्यवस्था परिवर्तनसँगै अभ्यासको क्रममा प्रणाली तथा संयन्त्रहरू सुधारोन्मुख छन्। नयाँ प्रणाली अनुसार सामुदायिक वनको गठन, हस्तान्तरण र व्यवस्थापन [redacted] नयाँ कानूनी व्यवस्था भएको छ। [redacted] ऐन कानूनबाट सञ्चालन हुने [redacted] तजबिज, काम–कारबाई र [redacted] छन्। यसले सामुदायिक वन [redacted] बलियो, सङ्गठित, सशक्त र [redacted]**

# ज्येष्ठ नागरिकको सक्रिय जीवन

**स्वतन्त्र विचार**

सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**बुढ्यौली कटाउनु दिन कटाउनु मात्र होइन। बुढ्यौलीले सक्रियता पनि खोज्दछ। सक्रियता सार्थक छ भने अनुकरणीय हुन्छ। समाजमा यस्ता धेरै मानिस छन् जो आफ्नो क्षेत्रमा निकै सक्रिय छन्। कोही पसल सञ्चालन गरिरहेका छन्, कोही खेतीपातीमा सहयोग गरिरहेका छन्।**

आजभोलि ज्येष्ठ नागरिकप्रति अथवा पुरानो भाषामा भन्ने हो भने बूढाबूढीप्रति नवयुवाहरूको त्यति सकारात्मक लगाव हुँदैन। धेरै ठाउँमा वृद्धाश्रम बन्न थालेको सुनिन्छ। वृद्धवृद्धामा धेरै समस्या आउने गरेको पनि समाजले नहेर्ने वा समाजले नसुन्ने गरेर हो भन्ने पनि सुनिन्छ। वृद्धवृद्धालाई अनुभवको खानी र संस्कृतिको जानकार तथा इतिहासको स्रोतको रूपमा लिने गरिएको पनि समाज छ तर हामीकहाँ कतिपय वृद्धवृद्धाको जीवन अपहेलित अवस्थामा बित्ने गरेको गुनासाहरू समाजमा धेरै सुन्न पाइन्छ। गुनासाहरूको सामान्यरूपमा समाधानको उपाय पनि भेटिन्न र गुनासाहरू बढ्दै जाने पनि हुन्छ। यही गुनासोले नै विवादको रूप लिन्छ र विवादले गर्दा झन् बढी समस्या बढ्छ। कहिलेकाहीं त झगडाको रूप लिने पनि हुन्छ।

शरीर ज्यादै अशक्त भइसकेपछि त्यति सक्रिय हुन सकिंदैन। शरीर ज्यादै गलेपछि धेरै सक्रियताको आवश्यकता पनि हुँदैन तर शरीर गलि नसकेको र मज्जाले हिंडडुल गर्ने तथा हात र खुट्टाले काम गरिरहेको अवस्था छ भने त्यति बेलासम्म मानिसले आफूलाई सक्रिय राख्न सकेको देखिन्छ। सक्रिय राख्न केही सार्थक काम गर्नुपर्छ। सार्थक काम आफ्नो अनुकूल भयो भने ज्येष्ठ नागरिक बढी सक्रिय हुन्छन् र आफ्नो प्रतिकूल भएमा वा आफ्नो अनुकूल नभएमा तुरुन्तै नकारात्मक प्रतिक्रिया दिइहाल्ने हुन्छन्। समाज वा परिवारमा वृद्धवृद्धाले यही तुरुन्तातुरुन्तै दिने प्रतिक्रियाले पनि असन्तुष्टि बाहिरने हुन्छ। असन्तुष्टि बाहिरिंदा झन् समस्या बढ्ने हुन्छ।

पहिले समाजमा शिक्षितको सङ्ख्या कम थियो तर अहिले ज्येष्ठ नागरिकमा पनि शिक्षितको सङ्ख्या बढ्दै गएको छ। शिक्षित ज्येष्ठ नागरिक समाज र परिवारमा सामञ्जस्य मिलाउने तथा वातावरण अलिक राम्ररी बुझ्ने हुन्छन्। परिवारमा मेल गराइराख्न सकारात्मक भूमिका निर्वाह गर्ने हुन्छन्। यति सही हुँदाहुँदै पनि फेरि आधुनिक समस्या यो पनि देखिएको छ कि शिक्षित ज्येष्ठ नागरिकका सन्तान प्रायः घरबाहिर कामकाजी हुन्छन्। घरबाहिर गएर विभिन्न पेशामा सम्बद्ध हुन्छन्। यसरी कतिपय अवस्थामा त सबै सन्तान देश बाहिर रहने पनि पाइएको छ। सबै सन्तान देश बाहिर हुँदा घरमा झगडा गर्ने मानिस पनि नहुँदा हुने एक्लोपन निकै फरक हुन्छ।

सर्लाहीका एकजनाका तीन सन्तान छन्। एक छोरा अमेरिका, एक छोरी नेपालगंजतिर र एक छोरो अस्ट्रेलियामा छन्। सबै सन्तान उच्च प्रतिष्ठित नोकरी तथा पदमा छन्। नेपाल सरकारको उच्च पदमा सेवा गरेर निवृत्त भइसकेका यी ज्येष्ठ नागरिक आफ्नो भव्य घरमा बसेर आफूलाई सक्रिय बनाइरहेका छन्। हुन त काठमाडौंमा पनि भव्य घर छ तर अब काठमाडौंमा बस्न मन लाग्दैन। सर्लाहीकै घरमा बसेर आफ्नो जीवन काटिरहेका छन्। अमेरिका वा अस्ट्रेलिया तथा काठमाडौं जहाँ बसे पनि बुढ्यौली काट्न अप्ठ्यारो छैन, तर गाउँमा बसेर आफूलाई सक्रिय बनाइराख्न एउटा एनजिओ चलाइरहेका छन्। आफूले जानेको सीप र जीवनभर जुन क्षेत्रमा काम गरे, सोही क्षेत्रमा आफूलाई सार्थक रूपमा सक्रिय बनाइरहेका छन्। सेवानिवृत्त जीवन पनि निकै सक्रिय बनिरहेको मात्र नभई सार्थक पनि बनिरहेको देखिएको छ।

रौतहट गौरमा बसेर सेवा निवृत्त जीवन बिताइरहेका एकजना चर्चित शिक्षकको जीवनचर्या नै बदलिएको छ। अत्यन्त सक्रिय शिक्षण जीवनबाट निवृत्त भएपछि गफ गर्नु र पत्रपत्रिका पढ्नुबाहेक कुनै काम नभएको अवस्थामा हाल आएर बढी सक्रिय देखिएका छन् साहित्य सिर्जनमा। जीवनका अनुभव र अनुभूतिलाई समेटर साहित्य सिर्जन गर्न थालेका छन्। साहित्य नपढेका होइनन्, नेपाल र भारतमा गरी दशकौं दशक तिनले पढाएको भनेकै साहित्य हो। नेपाली र हिन्दी साहित्यका धुरन्धर विद्वान् मानिन्थे, आफ्नो जमानामा तर सेवा निवृत्त भएपछि भने कुहिरोमा हराएको कागजस्तै सार्थक सक्रियता नभइरहेको अवस्थामा साहित्यिक कार्यक्रमहरूमा सक्रिय हुन थालेका छन्। साहित्यिक सक्रियताले उनमा अलग्गै फुर्ति ल्याएको छ। उनको बुढ्यौली जीवनमा नयाँ ऊर्जा थपिएको छ। कार्यक्रमहरूमा नवयुवाजस्तै जोश देखाउँछन्। तत्परता पनि निकै छ। दशकौं साहित्य पठनपाठन गराएकाले साहित्य सिर्जनमा पनि आशाजनक प्रस्तुति देखिन्छ। सबैभन्दा महत्त्वपूर्ण कुरो त आफूलाई सक्रिय बनाई तिनले अरूलाई पनि आफूजस्तै सक्रिय बनाइराख्न चाहेका छन्।

सरकारी सेवाबाट निवृत्त एकजना कर्मचारीले राम्रो आम्दानी गरिरहेका छन्। सरकारले दिने निवृत्तिभरणको रकमभन्दा बढी उनी लेखेर कमाइरहेका छन्। विभिन्न पत्रपत्रिकामा लेखिरहन्छन्। राम्रो पैसा दिने पत्रपत्रिकाहरूले पनि ससम्मान तिनका सामग्री प्रकाशित गरिरहेका छन्। लेखनको क्षेत्रमा नाम पनि छ, पारिश्रमिक पनि पाइरहेका छन्। लेखेका कुरा समाजले पढिरहेको छ। समाजमा बूढो कति सक्रिय छ है भनाउन पाएका छन्। बुढ्यौली जीवन पनि सक्रिय छ र सार्थक सक्रिय छ भन्ने देखाउन चाहेका छैनन्। उनी निरन्तर काम गरिरहेका छन्। तिनको कामले नै तिनलाई पहिचान दिएको छ। उनी पूर्व सरकारी कर्मचारी हुन् भनेर अब निकै कमले जान्दछन्। सेवा निवृत्त भएको करीब डेढ दशकपछि तिनको परिचय लेखकको रूपमा हुन गएको छ। बुढ्यौली उमेरमा सक्रियताले तिनको पहिचान र परिचय नै बदलिदिएको छ।

बुढ्यौली कटाउनु भनेको दिन कटाउनु मात्र होइन। बुढ्यौलीले सक्रियता पनि खोज्दछ। सक्रियता पनि सार्थक भयो भने अनुकरणीय हुन सक्छ। समाजमा यस्ता धेरै मानिस छन् जो आफ्नो क्षेत्रमा निकै सक्रिय छन्। कोही पसल सञ्चालन गरिरहेका छन् त कोही खेतीपातीमा सहयोग गरिरहेका छन्। कोही नेपाल सरकारले दिने सम्मानस्वरूप भत्ता खाएर मात्र बसिरहेका छन्। हो, नेपाल सरकारले दिएको वृद्धवृद्धा भत्ताले पनि मानिसको सम्मान बढाएको छ, आत्मगौरवमा वृद्धि गरेको छ। बाँच्नलाई धेरै सजिलो बनाइदिएको छ तर पनि अझ अन्य क्षेत्रमा हुने सक्रियताले समाजलाई पनि थप फाइदा दिइरहेको हुन्छ। समाजमा आफ्नो अनुभवलाई वृद्धवृद्धाले बाँडिरहँदा नयाँ पुस्तामा सकारात्मक प्रभाव गइरहेको हुन्छ। नयाँ पुस्तासित ज्येष्ठ नागरिकको सामञ्जस्य हुँदा सामाजिक संस्कृति जीवन्त हुन्छ।

उमेरले गलेका तर राम्ररी बोल्न सक्ने एकजना यस्ता शिक्षित ज्येष्ठ नागरिक छन् जसलाई भेट्न, पुराना कुरा जान्न चाहनेहरू पुगिरहन्छन्। पुराना कुराको आधिकारिक जानकारजस्तो उनी प्रस्तुत भइरहन्छन्। अध्ययन पनि छ र अनुभव पनि छ। अध्ययन र अनुभव दुवै हुँदा तथ्यगत कुरालाई पनि विश्वसनीय बनाउन सकिन्छ। ती ज्येष्ठ नागरिकले अनावश्यक आदर्शयुक्त कुरो नगरेर जहिले पनि खरो शब्दमा देखे र भोगेको कुरो गर्छन्। इतिहास र संस्कृतिप्रति मोह भएको तर अनावश्यक अन्धविश्वास नमान्ने भएकाले कतिपयले धर्म र देउताको विषयमा प्रश्न गर्दा आएको उत्तरप्रति असन्तुष्टि जनाउने गरेका छन् तर पनि तिनको तर्कमा मानवता हुन्छ र अन्धविश्वास हुँदैन। धेरै कुरा सजिलै बताउन सक्ने तिनको जीवन सक्रिय रहेको छ।

ज्येष्ठ नागरिकको जीवन सक्रिय बनाइराख्ने एउटा साधन अखबार हो। कतिपयले अखबारका सामग्री निकै पढ्छन्। त्यसैले आजभोलि ज्येष्ठ नागरिकले आफ्नो अनुकूलका सामग्री पनि पत्रपत्रिकामा खोज्न थालेका छन्। कतिपय ज्येष्ठ नागरिकलाई राजनीतिका कुरामा खासै उत्साह हुँदैन। राजनीतिका कुरामा उत्साह नभएपछि पत्रपत्रिकामा पढ्नुपर्ने कुरा भेटाउँदैनन् अनि पत्रिकामा निराशा मात्र देख्दछन्। यसैले बुढ्यौली पनि खोज्दछन् पत्रपत्रिकामा। आयुर्वेद, संस्कृति, धर्मजस्ता विषय खोजिरहन्छन्। अन्यथा पत्रिका हातमा पऱ्यो कि एक मिनेटमा सबै पाना पल्टाएर एकातिर हालिदिन्छन्। यसबाट यो पनि स्पष्ट हुन्छ कि ज्येष्ठ नागरिकको पत्रपत्रिकातिर रुचि जगाइराख्न तिनका अनुकूल सामग्री पनि दिनु आवश्यक छ। जसरी बालबालिकाका लागि पत्रपत्रिकाहरूले सामग्री प्रस्तुत गर्दै आएका छन्।

# छुरा र गोली प्रहारबाट युवक घाइते

राजेश केशरीवाल, रक्सौल, २५ माघ/

सीमावर्ती रक्सौल स्टेशनरोडमा एकजना युवक छुरा र गोली प्रहारबाट घाइते भएका छन्।

घाइते हुनेमा पूर्वी चम्पारण जिल्ला तुरपलिया गाउँ निवासी २८ वर्षीय धीरज कुमार रहेका छन्।

प्रहरीलाई प्राप्त जानकारी अनुसार युवक गएराति पटनाबाट मोतिहारीको लागि प्रस्थान गरेका थिए। तर निद्रा नखुलेको कारण उनी रक्सौल आइपुगे। त्यसपछि उनी रक्सौलमा आफ्नो चिनजानको व्यक्तिसँग भेट गरेर मोतिहारीका लागि रेल चढ्न रक्सौल स्टेशन आइरहेका थिए।

यसै क्रममा रक्सौल स्टेशन रोडमा उनीमाथि अज्ञात व्यक्तिले गोली र छुरा प्रहार गरेको थियो।

स्थानीयको सहयोगमा उनलाई रक्सौलस्थित एसआरपी अस्पतालमा भर्ना गराई उपचार भइरहेको रक्सौल प्रहरीले जनाएको छ।

घाइते युवकको अवस्था गम्भीर रहेको र उनी होशमा आएपछि घटनाबारे थप जानकारी मिल्न सक्ने रेल डिएसपी पङ्कज कुमारले बताए



# स्रोत नखुलेको १८ लाखसहित दुईजना पक्राउ

प्रस, वीरगंज, २५ माघ/

सशस्त्र प्रहरी पर्साले स्रोत नखुलेको १८ लाखसहित दुईजनालाई पक्राउ गरेको छ।

सशस्त्र प्रहरीको १३ नम्बर गण पर्साको टोली मातहतको वीरगंज भन्सार गुल्मले बुधवार बिहान साढे ९ बजे स्रोत नखुलेको १८ लाखसहित दुईजना भारतीय नागरिकलाई नियन्त्रणमा लिइएको हो। पक्राउ पर्नेमा भारत, बिहार, मोतिहारी जिल्ला रक्सौल–११ बस्ने २६ वर्षीय राकेश कुमार र २७ वर्षीय प्रशन्जितकुमार रहेका छन्। उनीहरूको साथबाट १८,००,५०० नेपाली रुपियाँ र २,३०० भारु बरामद भएको जनाइएको छ।

वीरगंज–१६ वीरगंज भन्सार मेनगेटमा नियमित चेकजाँच गरिरहेको अवस्थामा रक्सौलबाट वीरगंज प्रवेश गर्ने क्रममा बिआर०५ एटि ५९६७ र बिआर०५ एभी ६८७१ नम्बरको मोटरसाइकल चेकजाँच गर्ने क्रममा दुवै जनाले हेल्मेटमा लुकाएर ल्याएर रुपियाँ फेला परेको सशस्त्र प्रहरी, पर्साले जनाएको छ। उनीहरूलाई आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# 'बुस्टर डोज' खोप फागुन १ गते ल्याइँदै

काठमाडौं, २५ माघ/रासस

कोरोना भाइरस सङ्क्रमणविरुद्ध अतिरिक्त मात्रा खोप (बुस्टर डोज) आगामी फागुन १ गते नेपाल ल्याइने भएको छ।

सरकारलाई 'भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स' (गाभी)ले फागुन १ र ४ गते खोप आउने निश्चित गरेको जानकारी दिएको छ। यस अघि गाभीले खोप पठाउने भने तापनि कुन मितिमा भन्ने यकीन भएको थिएन।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालले तीनपटक गरी खोप आउने बताए। उनका अनुसार पहिलोपटक फागुन १ गते र दोस्रोपटक फागुन ४ खोप आउने छ भने तेस्रो पटकको मिति अझै तोकिएको छैन। उनले तीनपटकमा १५ लाख मात्रा खोप आउने बताए।

छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको सङ्क्रमण फैलिंदै गएपछि सरकारले 'गाभी' ३० लाख मात्रा खोप माग गरेको हो। पहिलो चरणमा १५ लाख मात्रा खोप आउने उनले बताए। गाभीले कोभ्याक्स सुविधामार्फत नेपाललाई बुस्टर डोजका लागि फाइजरको बाइभ्यालेन्ट खोप उपलब्ध गराउन थालेको हो।

छिमेकी मुलुक भारत र चीनमा विएफ ७ नामक प्रजातिको नयाँ भेरिएन्ट फैलिन थालेपछि मन्त्रालयले बुस्टर खोप लगाउन छुटेका सबैलाई खोप लगाउन आग्रह गरे पनि अहिले सङ्क्रमण घटेको छ।

**सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८**

# नारायणगढ-बुटवल सडक : चार वर्षमा २५ प्रतिशत काम

-टेकराज पोखरेल

नवलपुर, २५ माघ/रासस

पूर्वपश्चिम राजमार्ग अन्तर्गत विस्तारका क्रममा रहेको नारायणगढ-बुटवल सडकखण्डको काम चार वर्ष पूरा हुँदा २५ प्रतिशत मात्रै पूरा भएको छ । विसं २०७५ माघ २४ मा चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेडसँग ठेक्का सम्झौता भएर शुरू सडक विस्तारको प्रगति चार वर्षमा २५ प्रतिशत मात्रै सकिएको आयोजनाले जनाएको छ ।


तस्वीरः फाइल

नारायणगढ-बुटवल सडक विस्तार योजना पूर्वीखण्ड प्रमुख इन्जिनीयर रमेशकुमार दिष्टीका अनुसार गत साउन २२ मा सडक विस्तारको काम सक्नुपर्नेमा विभिन्न कारण देखाउँदै निर्माण कम्पनीले ३८६ दिन म्याद थप गराएको छ । "सडक विस्तारको काम सक्नुपर्ने समयसम्म १८ प्रतिशत भौतिक प्रगति देखिएको थियो"-इन्जिनीयर दिष्टीले भने-"म्याद थप भएको छ महिनामा थप सात प्रतिशत भौतिक प्रगति भएको छ ।" अहिले सडक विस्तारका लागि सबै प्रकारका काम भइरहेको योजनाको पूर्वीखण्ड प्रमुख दिष्टीले बताए ।

नारायणगढ-बुटवल सडक विस्तार योजनाको पूर्वीखण्डका सूचना अधिकारी इन्जिनीयर धीरज ढकालले अहिले व्यवस्थित तरीकाले सडक विस्तारको काम भइरहेको बताए । "अहिले यस खण्डमा कल्भर्ट निर्माण, साना र ठूला पुल निर्माणका कामहरू भइरहेका छन्"-उनले भने-"गैँडाकोटको भेँडाबारी क्षेत्रमा करीब एक किलोमिटर क्षेत्रमा अक्स्पाल्ट (कालोपत्र) काम गरिएको छ ।" भेँडाबारी क्षेत्रमा एकतर्फी अक्स्पाल्टको काम भइरहेको भन्दै इन्जिनीयर ढकालले सबबेस (कालोपत्र गर्नुपूर्वको अवस्था)को काम एकतर्फी १४ किलोमिटर क्षेत्रमा सकिएको बताए ।

सडक विस्तारको कामसँगै सडक विस्तारका लागि सडक किनारमा रहेका अवरोध हटाउने काम भइरहेको उनले बताए । "सडक मापदण्डमा पर्ने दाउन्ने क्षेत्रका २५ वटाबाहेक सम्पूर्ण रूख कटान सकिएको छ"-इन्जिनीयर ढकालले भने-"बिजुलीको पोल सार्ने काम पनि ३५ प्रतिशत सकिएको छ ।" सडक विस्तारका लागि २७ किलोमिटर क्षेत्रफलमा बिजुलीको पोल सार्ने काम सकिएको जानकारी दिँदै ढकालले खानेपानीको पाइप सार्ने काम अन्तिम चरणमा पुगेको बताए । यस सडकको पूर्वीखण्डमा ९३ वटा कल्भर्ट निर्माण भइसकेको भन्दै ढकालले ४८ वटा कल्भर्ट निर्माण भइरहेको जानकारी दिए । "पूर्वीखण्डमा २२ वटा माइनर ब्रिज (साना पक्की पुल) निर्माण हुनुपर्नेमा १२ वटाको निर्माण सम्पन्न भइसकेको छ, पाँचवटामा निर्माण भइरहेको छ भने दुईवटामा काम हुनै बाँकी छ"-उनले भने-"यहाँ १२ मेजर ब्रिज (ठूला पुल) निर्माणको काम भइरहेको छ । जसमध्ये अहिले बेल्डिहा, मुकुन्दे, गिरुवारी र बिजयी खोलामा पुल निर्माण भइरहेको छ । साना फलामे पुल र ठूला पुल दुई लेनका मात्रै भएकाले ती पुल विस्थापित गर्नेगरी चार लेनमा नयाँ पुल निर्माण, सडक विस्तारसँगै भइरहेको हो ।

सूचना अधिकारी ढकालले हालसम्म योजनाको भौतिक प्रगति करीब १८.७ प्रतिशत भएको जानकारी दिए । ढकालका अनुसार सडक विस्तारका क्रममा पूर्वी खण्डमा रु एक अर्ब ७१ करोड ३६ लाख खर्च भएको छ । यस खण्डको कुल बजेट रु नौ अर्ब १५ करोड ७२ लाख ४६ हजार रहेकोमा ८५ प्रतिशत ऋण सहयोग एशियाली विकास बैंक (एडिबी)ले उपलब्ध गराउने छ । सडक निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशन लिमिटेडका कन्ट्र्याक्ट म्यानेजर (ठेक्का व्यवस्थापक) राजेश झाले प्रतिमहिना तीन प्रतिशतभन्दा बढी दरले प्रगति भेट्नेगरी काम भइरहेको बताए । "अहिले हाम्रो साइटमा दैनिक एक हजार बढी कामदार काम गरिरहेका छन्"-उनले भने-"यो आर्थिक वर्षमा आयोजनाको ५० प्रतिशत प्रगति हुनेगरी काम भइरहेको छ ।" पहिले कोभिड, रूख कटान तथा खानेपानीका पाइप र बिजुलीका पोलले सडक विस्तारमा ढिलाइ गरेको भए पनि अब सम्पूर्ण अवरोध सकिएकोले लक्ष्य अनुसार प्रगति हासिल हुने उनले बताए ।

"परीक्षण कालोपत्र सफल भएपछि अब हामीले थप ठाउँमा कालोपत्र गर्ने काम अगाडि बढाउँछौँ"-ठेक्का व्यवस्थापक झाले भने-"पहिलो चरणको ६ सेन्टिमिटर र दोस्रो चरणमा चार सेन्टिमिटर थप कालोपत्र हुन्छ ।" ठूला पुलहरूमध्ये ११ वटामा फाउन्डेशन (पिलर उठाउन जमीनमा गरिने ढलान) सकिएको भन्दै झाले त्यसमध्ये छवटा पुलको सबस्ट्रक्चर (जमीनबाट माथि पिलर उठाउने काम) सकिएको बताए । "असारसम्म सबै पुलको सब स्ट्रक्चर सक्नेगरी मेजर ब्रिजको काम भइरहेको छ, अरुण खोलामा माटोमा समस्या आएर काम रोकिएको छ ।"

यस खण्डमा २१५ वटा कल्भर्ट निर्माण हुनेमा दाउन्ने खण्डमा कल्भर्ट निर्माण शुरू भएको छैन । "दाउन्ने खण्डको पाँच किलोमिटरमा ३० वटा

(बाँकी चौथो पातामा)

# चुरे फेदमा फनपार्क

सर्लाही, २५ माघ/रासस

सर्लाहीको चुरे भावर क्षेत्रस्थित हरिवन नगरपालिका-१, कैलाशपुरीमा फनपार्क निर्माण गरिँदैछ । पूर्व-पश्चिम राजमार्गको हरिवन बजारबाट तीन किलोमिटर उत्तर उक्त उद्यान निर्माण भइरहेको छ ।

हरिवन नगरपालिकाका प्रमुख कमल बुढाथोकीका अनुसार उद्यानमा ठूलो कदको बुद्धको मूर्ति स्थापना गर्ने तयारी छ । वनभोजस्थल, सेल्फीसेट, जङ्गल पुल तथा चमेनागृहसमेत निर्माण गरिँदै छ । रु चार करोड ९७ लाखको लागतमा उद्यान निर्माण भइरहेको प्रमुख बुढाथोकीले जानकारी दिए ।

"पर्यटन मन्त्रालयले ६५ र हरिवनले ३५ प्रतिशत रकम बेहोर्ने छ"-उनले भने-"थप रकम नगरपालिकाले विनियोजन गर्नेछ ।" उद्यान निर्माणको ठेक्का गोपिनीगङ्गा कन्स्ट्रक्शन, काठमाडौँले लिएको छ । हाल सो कार्यमा ३० कामदार कार्यरत छन् । उद्यान दुई वर्षभित्र निर्माण सम्पन्न हुने बताइएको छ ।

# पटेर्वासुगौली गापामा भूमि आयोगद्वारा अभिमुखीकरण


तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ माघ/

पटेर्वासुगौली गाउँपालिकामा बुधवार भूमिसम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

राष्ट्रिय भूमि आयोगले आयोजना गरेको कार्यक्रममा सहभागी पालिकाका जनप्रतिनिधिहरूलाई भूमिहीन, सुकुम्बासी, दलित एवं अव्यवस्थित बसोबासीहरूको पहिचान, भूमि वितरण, सूचना सङ्कलन लगायतका विषयमा राष्ट्रिय भूमि आयोग पर्साका अध्यक्ष तबरेज अहमद र आयोगका विज्ञ सदस्य हिमालचन्द्र गौतमले प्रशिक्षण दिएका थिए ।

गापा अध्यक्ष दिनेश चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा पालिकाका भूमिहिन, सुकुम्बासी, दलित एवं अव्यवस्थित बसोबासीहरूलाई जग्गा उपलब्ध गराउने विषयमा आगामी दिनमा कसरी अगाडि बढ्ने विषयमा छलफल भएको थियो ।

# स्वास्थ्य र शिक्षामा आयोगको सहयोग निरन्तर रहनेछ- आयुक्त उर्पिलाइनेन

काठमाडौँ, २५ माघ/रासस

अन्तर्राष्ट्रिय साझेदारीका लागि युरोपेली आयुक्त युटा उर्पिलाइनेनले नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रमा गर्दै आएको सहयोग र सहकार्यलाई निरन्तरता दिने बताएकी छन् ।


युरोपेली सङ्घको सहयोगमा निर्माण भएको प्रदर्शनीमार्गस्थित पद्मोदय माविको निरीक्षण भ्रमणको क्रममा विद्यार्थीहरूसँग रमाउँदै आयुक्त उट्टा उर्पिलाइनेन । तस्वीरः रासस

बुधवार प्रसूति गृह तथा स्त्री रोग अस्पतालमा सञ्चालित 'अमृत कोष' (ह्युमन मिल्क बैंक) को निरीक्षण गर्ने क्रममा आयुक्त उर्पिलाइनेनले पोषण र स्वास्थ्यका कार्यक्रमलाई निरन्तर सहयोग प्रदान गर्ने बताइन् । उनले भने, 'युरोपेली युनियनले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनअन्तर्गत स्तनपानलाई प्रोत्साहन गर्दै आएको छ । यस अस्पतालले पोषण र स्वास्थ्यमा शुरू गरेको काम प्रशंसनीय छ ।'

उनले स्वास्थ्य र शिक्षा क्षेत्रका विभिन्न कार्यक्रम सञ्चालनका लागि आयोगले नेपालसँग दशकौँसम्म सहयोग र सहकार्य गर्ने बताए । गत भदौ महिनामा राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त अमृत कोषको उद्घाटन गरेका थिए । कोषले सुत्केरी आमाबाट सुरक्षितरूपमा दान गरिएको दूध सङ्कलन, प्रशोधन, परीक्षण र भण्डारण गर्ने गरेको छ । कोषले समय नपुगी जन्मिएका, कम तौल भएका र अन्य जोखिममा रहेका शिशुलाई आमाको दूध उपलब्ध गराउँदै आएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अतिरिक्त सचिव सङ्गिता कौशल मिश्राले दूध बैंकको सञ्चालन र विस्तारले भर्खरै जन्मेका शिशुको मृत्युदर घटाउन सहयोग गर्ने बताए । उनले भने, 'स्तनपान हरेक शिशुको अधिकार हो । बिरामी शिशु र बालबालिकाका लागि दूध बैंकले निकै सहयोग गरेको छ । यस सेवालाई विस्तार गर्न आवश्यक छ ।'

अस्पतालका निर्देशक डा पवनजङ्ग रायमाझीले कोषले धेरै आमा र शिशुको स्वास्थ्यमा योगदान पुऱ्याएको भन्दै आभार व्यक्त गरे । उनले भने, 'अमृत कोषले बालबालिकामैत्री स्वास्थ्य प्रणाली सुनिश्चित गर्नमा योगदान पुऱ्याइरहेको छ । युरोपेली आयोगको आर्थिक र प्राविधिक सहयोगप्रति आभारी छौँ ।'

उनले सङ्कलन केन्द्र बढाउन सके धेरै आमाहरूले दूध दान गर्न सक्ने बताए । 'अस्पतालभित्र माग हुने दूधको ४० प्रतिशतमात्र उपलब्ध हुँदै आएको छ । पोस्ट नेटल वार्ड परिसरमा सङ्कलन केन्द्र थप्न सके दाताबाट अझ धेरै दूधको सङ्कलन बढ्न सक्ने विश्वास गरेका छौँ', उनले भने ।

नेपाल सरकार, युरोपेली युनियन र युनिसेफको साझेदारीमा स्थापना भएको कोषले सञ्चालनमा आएको पाँच महिनाको अवधिमा तीन सय आमाबाट एक सय ७४ लिटर दूध सङ्कलन गरेको छ ।

अस्पतालमा वार्षिक २४ हजारको सङ्ख्यामा शिशुको जन्म हुने गरेको छ । कम तौल भएका शिशुको जन्म १२ प्रतिशतसम्म रहेको निर्देशक डा रायमाझीले बताए ।


मीनाबजार सडक क्षेत्रमा लाग्ने गरेको अव्यवस्थित तरकारी बजार गीता मन्दिर क्षेत्रमा सारिएपछि [redacted]
अहिले यो क्षेत्रमा भीडभाड कम भएको छ । तस्वीरः नितेश कर्ण

# सात दशमलव सोह्र अङ्कले घट्यो नेप्से

काठमाडौँ, २५ माघ/रासस




मङ्गलवार उच्च अङ्कको वृद्धि देखिएको नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक आज बुधवार भने घटेको छ । आज नेप्से परिसूचक ७.१६ अङ्कले घटेर २१७०.१८ अङ्कमा कायम भएको हो ।

आज २५७ वटा कम्पनीको एक करोड पाँच लाख दुई हजार छ सय ४९ कित्ता शेयर ५५ हजार छ सय दुईपटक खरीदबिक्री हुँदा रु तीन अर्ब ६९ करोड १९ लाख ७२ हजार बराबरको कारोबार भएको छ ।

आज अन्य समूहको उपसूचक ७.७५ अङ्कले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक ५८.६३ र होटल तथा पर्यटन समूहको उपसूचक ४९.७१ अङ्कले घटेको नेप्सेले जनाएको छ ।

बैंकिङ समूह ०.७९, विकास बैंक समूह २२.६२, वित्त समूह ३६.२५, जलविद्युत् समूह २७.३६ र लगानी समूह ०.१० अङ्कले घटेको छ । त्यस्तै उत्पादन तथा प्रशोधन समूह ४१.९०, लघुवित्त समूह १६.५७, म्युचुअल फन्ड समूह ०.०७, निर्जीवन बीमा समूह २८.५४ र व्यापार समूह ११.५० अङ्कले घटेको छ ।

आज सबैभन्दा धेरै तेह्रथुम पावर कम्पनी लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता ३.३२ प्रतिशतका दरले कमाएका छन् भने सबैभन्दा धेरै गुमाउनेमा आदर्श लघुवित्त वित्तीय संस्था लिमिटेडका लगानीकर्ताले प्रतिकित्ता ५.१४ प्रतिशतका दरले गुमाएका छन् ।

आज नेपाल पुनर्बीमा कम्पनीको सबैभन्दा धेरै रु ११ करोड २८ लाख ६८ हजार दुई सय ७१ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने अपी पावर कम्पनी लिमिटेडको तीन लाख ४० हजार पाँच सय ६६ कित्ता शेयर खरीदबिक्री भएको छ ।

# सफा र सुन्दर महानगर बन्दै वीरगंज

–राजु विश्वकर्मा
वीरगंज, २५ माघ/रासस

महानगर क्षेत्रमा जथाभावी फोहर फ्याँक्नेले अब जरिवाना तिर्नुपर्ने भएको छ । मधेस प्रदेशको वीरगंज महानगरपालिकाले पछिल्लो समय महानगरलाई सुन्दर, सफा, स्वच्छ र पर्यावरणयुक्त नमूना महानगर बनाउने उद्देश्यले नियमित सरसफाइसँगै जथाभावी फोहर फ्याँक्नेलाई जरिवाना तिराउने नीति लिएको हो ।


वीरगंजको मीनाबजार क्षेत्र । तस्वीर: प्रतीक

विगत केही वर्ष अघिसम्म अस्तव्यस्त र दुर्गन्धित नगरका रूपमा परिचित महानगर क्षेत्रलाई सरसफाइमा मुलुककै नमूना महानगर बनाउने लक्ष्यका साथ योजनाहरू अघि बढाइएपछि यति बेला महानगर सफा र सुन्दर देखिन थालेको हो । सडकमा जथाभावी फोहर फ्याँक्ने व्यक्ति तथा सङ्घसंस्थालाई महानगरले तत्कालै जरिवाना गर्ने अभियान शुरू गरेको छ । "करीब सात/आठ वर्ष अघिसम्म नगरका अधिकांश सडकमा फोहर फ्याँक्ने प्रवृत्तिका कारण नगर दुर्गन्धित र कुरूप थियो"–वीरगंज महानगरपालिका–६ का रतन टेमानी भन्छन्–"पछिल्लो समय महानगरले सरसफाइलाई विशेष प्राथमिकतामा राखेर अभियान नै चलाएपछि नगर क्षेत्रका सडक र बजार अहिले चिटिक्क र सुन्दर देखिएको छ ।" सडकहरू सफा, सुन्दर र फराकिलो भएकाले बल्ल आफूहरू सुन्दर र सफा महानगरवासी हुन पाएकोमा गौरवको अनुभूति भइरहेको उनको भनाइ छ ।

"पहिलेपहिले बिहान उठ्नेबित्तिकै घर अगाडिको सडकहरूमा फोहरको थुप्रो देखिन्थ्यो"–टेमानी भन्छन्–"तर अहिले बिहान उठेपछि सडकहरू सफा, सुन्दर देखिंदा मन आनन्दित हुन्छ ।" सडकसँगै महानगरका अधिकांश ठाउँ सफा र सुन्दर देखिएपछि महानगरको सौन्दर्यसमेत बढेको उनको कथन छ । सडकमा थुप्रिने फोहर र दुर्गन्धले ठूलो सास्ती भोगेको सुनाउँदै वीरगंज महानगरपालिका–१६ का अशोक महतो भन्छन्–"आठ/नौ वर्ष अघि मेरो घरमा छिमेकी मुलुक भारतबाट दुईजना पाहुना आउनुभएको थियो तर घर अगाडि सडकमा थुप्रिएको फोहरका कारण खाना नै खानुभएन, बिहान त्यतिकै फर्किनुभयो । त्यसयता ती पाउना वीरगंज आउनै चाहनुभएन ।"

"सडकमा जथाभावी फोहर फ्याँक्ने प्रवृत्तिका कारण विगतमा कुरूप बनेको वीरगंज महानगरले अहिले काँचुली फेरेको छ"–ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरका अध्यक्षसमेत रहेका स्थानीय प्रकाश खेतान भन्छन्–"पहिले बजार क्षेत्रको दुरवस्थाका कारण बाहिर जिल्लाबाट आउने मानिस फर्केर वीरगंज आउन चाहँदैनथे तर अहिले सडक सफा र बजार फराकिलो भएपछि बाहिर जिल्लाहरूबाट मानिसहरू आउने क्रम बढेको छ ।" यसबाट महानगरको सौन्दर्य बढ्नाका साथै पर्यटन प्रवर्द्धनमा समेत ठूलो फाइदा पुगेको उनको भनाइ छ ।

केही वर्ष अघिसम्म अतिक्रमण र फोहरको चपेटामा परेको आदर्शनगर, घण्टाघर, बिर्ता, माईस्थानलगायत सडकहरू अहिले सफा र सुन्दर भएका छन् । सफा र सुन्दर महानगर बनाउने उद्देश्यका साथ निजी संस्थासँग सहकार्य गरी महानगरको ३२ वटै वडामा तीन चरणमा नियमित सरसफाइ गर्दै आएको सरसफाइ शाखा प्रमुख सरफुद्दिन मियाँ बताउँछन् । उनका अनुसार वडा नं १ देखि ३२ वटै वडामा वीरगंजस्थित पृथी तारा एम.के इन्टरनेशनल जेभीसँग गत २०७६ साल जेठ २ सम्झौता गरी नियमित सरसफाइ हुँदै आएको छ । "मेयर साहबको मुख्य चाहना नै वीरगंजलाई सफा, सुन्दर बनाउने हो"–उनी भन्छन्–"त्यही योजना अनुसार अहिले बिहान, दिउँसो र राति गरी तीन चरणमा नाला र सडक सरसफाइ भइरहेको छ ।" नालाको सरसफाइ महानगर आफैंले गर्छ भने सडकको सरसफाइ साझेदार संस्था पृथी तारा एन. के इन्टरनेशनल जेभीले गरिरहेको छ ।

"पहिले महानगरसँग नाला सफा गर्न एउटा जेटिङ र एउटा सक्सन उपकरण थियो"–शाखा प्रमुख मियाँ भन्छन्–"अहिले महानगरले थप एउटा जेटिङ र एउटा सक्सन उपकरण खरीद गरी नाला सफा गरिरहेको छ ।" साइरनजडित ट्याक्टरले फोहरमैला व्यवस्थापनको काम गरिरहेको छ । विगतमा डम्पिङ साइट नहुँदा फोहरमैला व्यवस्थापनमा समस्या हुँदै आएकोमा चार वर्ष अघि महानगरले आफ्नो डम्पिङ साइट बनाएपछि फोहरमैला व्यवस्थापनमा अहिले कुनै समस्या नरहेको उनी बताउँछन् ।

सडकमा जथाभावी फोहर फ्याल्ने प्रवृत्ति निरुत्साहित गर्न र स्वच्छ, सफा र सुन्दर महानगर बनाउने योजनालाई सफल तुल्याउन महानगरले जरिवाना तिराउने अभियान चलाएको छ । "घर, पसल र कार्यालयबाट निस्किने फोहरहरू जतातत फ्याँक्ने स्थानीयहरूमा प्रवृत्ति थियो"– शाखा प्रमुख मियाँ भन्छन्–"त्यो प्रवृत्ति निरुत्साहित गर्न हामीले गत पुस १७ गतेदेखि जथाभावी फोहर फ्याँक्नेलाई जरिवाना गर्ने अभियान शुरू गरेयता हालसम्म सडकमा जथाभावी फोहर फ्याँक्ने एक दर्जनभन्दा बढी बैंक तथा वित्तीय संस्था, सरकारी कार्यालय, व्यापारी र स्थानीय गरी ५२ जनाबाट रु ५३ हजार जरिवाना असुल भइसकेको छ ।"

आर्थिक राजधानीका रूपमा चिनिएको महानगरको पर्यटन प्रवर्द्धनका लागि नगर क्षेत्रको सरसफाइलाई उच्च प्राथमिकतामा राखेर काम थालिएको नगरप्रमुख राजेश सिंह बताउँछन् । "म निर्वाचित भएर आएदेखि नै यहाँको सरसफाइ तथा फोहर व्यवस्थापनलाई प्राथमिकता दिएको छु"–उनी भन्छन्–"कसरी वीरगंजलाई सफा र सुन्दर राख्न सकिन्छ भनेर मैले ध्यान केन्द्रित गरेको छु, यसमा सबैको साथ र सहयोग चाहिन्छ । महानगर सफा र सुन्दर भएमात्र यहाँ आन्तरिक र बाह्य पर्यटक आउँछन्, व्यापार पनि फस्टाउँछ त्यही भएर लागिरहेका छौं ।"

"बढ्दो जनघनत्व र सडकमैं फोहर फ्याल्ने प्रवृत्तिका कारण नगर क्षेत्र दुर्गन्धित र फोहर देखिएको थियो"–नगरप्रमुख सिंह भन्छन्–"फोहर व्यवस्थापन गरी वीरगंजलाई सफा, सुन्दर र पर्यटकीय नगरी बनाउने मैले सङ्कल्प लिएको छु । निर्वाचित भएदेखि नै त्यो योजनालाई कार्यान्वयनमा लैजाँदैछु ।"

बढ्दो शहरीकरण र जनसङ्ख्याका कारण महानगरपालिकामा दैनिक फोहर उत्पादन बढ्दै गएको थियो । केही वर्ष अघिसम्म महानगरपालिकामा दैनिक १६/१७ मेट्रिक टन फोहर उत्पादन हुँदै आएकोमा पछिल्लो केही वर्षयता दैनिक २२ मेट्रिक टनभन्दा बढी उत्पादन हुने गरेको महानगरपालिकाले जनाएको छ ।

## नारायणगढ-बुटवल सडक ...

कल्भर्ट बन्छ"–झाले भने–"त्यहाँ डाइभर्सन गरेर सवारीसाधन चलाउने अवस्था नभएकोले अहिले एक्साभेटर प्रयोग गरेर दाउन्नेको भित्तो काट्ने काम भइरहेको छ, भित्तो काटेर सकेपछि कल्भर्ट निर्माणको काम शुरू गर्छौं ।" यो वर्ष ५० प्रतिशत काम सकाएर आगामी वर्ष आयोजनाको काम सम्पन्न गरेर सरकारलाई हस्तान्तरण गर्नेगरी काम भइरहेको झाले बताए ।

नारायणगढ–बुटवल खण्डको ११४ किलोमिटरमध्ये पूर्वीखण्डमा ६५ किलोमिटर सडक पर्दछ । यस खण्डको शहरी क्षेत्रमा चारलेन सडकको अतिरिक्त १७.४ किलोमिटर सडकमा सर्भिस लेन निर्माण गरिने छ भने दाउन्नेको ४.१ किलोमिटर उकालोमा तीन लेनको सडक विस्तार हुनेछ । सडक विस्तारका लागि ३६,२३२ रूख काटिंदैछ ।


**घरको छतमा स्ट्रबेरी खेती** : म्याग्दीको बेनी नगरपालिका-७, इन्द्रेणीटोलका राजु र पूर्ण राम्जालीले घरको छतमा फलाउनुभएको स्ट्रबेरी । राम्जाली दम्पतीले घरको छतमा कौसी खेती गरेका छन् । तस्वीर: रासस

## फरक समाचार

# रूमिनेटिङ भनेको के हो ?

केही मानिस यस्ता पनि हुन्छन् जो आपसी विवादलाई मनमा जरो गाडेर राख्छन् । उसले त्यतिबेला त्यसको जवाफ दिन चाहन्थ्यो तर दिन सकेन । त्यसपछि साँझ घरमा पुगेपछि घण्टौं त्यसै कुरालाई लिएर सोच्ने गर्छन्, जे भन्न चाहन्थें भन्न सकिनँ भनेर थकथक गर्छन् । लाखौं प्रयासपछि पनि यस विचारलाई रोक्न नसक्ने चिन्तालाई माकुरोजाल अर्थात् रुमिनेटिङ भनिन्छ ।




चिन्ताको माकुरोजाल जब दिनचर्याको जिम्मेवारीलाई प्रभावित गर्न थाल्छ, तब बुझ्नुपर्छ कि हामी यसको शिकार भइसकेका छौं । एउटा अध्ययन अनुसार अमेरिकाका चिकित्सक डा ट्रेसी मार्क्स भन्छिन्–यो कुनै खराब मानसिक स्थिति होइन, बरु त्यसभन्दा पनि ठूलो समस्या हो ।

यदि दिमागको ब्रेक नियन्त्रणभन्दा बाहिर गइसकेको छ भने यो रेड एलर्ट हो । यसको पेटर्न सामान्य विचारलाई यसबाट अलग गर्छ । केही कुरा ध्यानमा राखेर यसलाई ठीक गर्न सकिन्छ । चिन्तनको एउटा अर्को लक्षण हुन्छ । तपाई जब ती समस्याबारे सोच्नुहुन्छ, जसलाई सुल्झाउन सकिंदैन, अर्थात् कुनै अतीतको कुरा, जसलाई तपाईंले चाहेर पनि बदलिन सक्नुहुन्न ।

यस रूमिनेटिङमा फस्दै जानुभएको छ भने विज्ञले केही कुरा अपनाएर यसबाट तपाईंलाई बाहिर निकाल्न सक्छ । यस रूमिनेटिङलाई तोड्नको लागि सबैभन्दा पहिले ध्यान कतै अन्य कुरामा लगाउनुपर्छ । गीत सुन्ने र गाउनुपर्छ । यसबाट विचारको प्रवाह केही समयको लागि विच्छेद हुन्छ ।

चिन्तन तबसम्म खराब हुँदैन जबसम्म त्यसले तनाव दिंदैन । अवस्था खराब भएपछि अन्य प्रकारको मानसिक बिमारी पैदा गर्न सक्छ । यसैले आवश्यकताभन्दा बढी सोच्नुहुँदैन । अतीतलाई बिर्सेर वर्तमानबारे सोच्नुपर्छ ।

# चीनले बनायो सुपर काउ

चीनले लगातार विज्ञान र प्रविधि क्षेत्रमा अनौठो परीक्षण गर्दैछ । हालै चिनियाँ वैज्ञानिकले क्लोनिङ माध्यमबाट तीनवटा सुपर काउ तयार गरेको छ । यी गाईले आफ्नो जिन्दगीमा सय टन अर्थात् २ लाख ८३ हजार लिटर दूध दिन सक्छन् । स्थानीय मिडिया अनुसार तीनवटा गाईको ब्रिडिङ नोर्थवेस्ट युनिभर्सिटीका वैज्ञानिकहरूले गराएका हुन् । यी बाच्छा पछिल्लो दुई महीनामा निंगशिया इलाकामा जन्मेका हुन् । यी सबै नेदरल्यान्डबाट आउने होलस्टीन फ्रिसियन गाईका क्लोन हुन् ।



क्लोनिङ के हो ? अलैङ्गिक तरीकाले एक जीवबाट अर्को जीव तयार गर्ने प्रोसेसलाई क्लोनिङ भनिन्छ । सजिलो भाषामा, वैज्ञानिकले एक जनावरको डिएनए लिन्छन् र यसको मदतबाट जनावरको प्रतिरूप तयार गर्छन् । वैज्ञानिक आफ्नो सहुलियतको हिसाबले यसको जिन्समा बदलाव गर्छन् जसले सामान्य जनावरको तुलनामा बढी शक्तिशाली जनावर बनाउन सकियोस् ।

प्रोजेक्ट लिड जिन यापिङले भने–सबैभन्दा पहिले राम्रो नस्लको गाईको कानबाट सेल्स (कोशिका) निकाल्यौं । त्यसपछि यसबाट भ्रूण तयार गरेर १२० वटा गाईमा प्रत्यारोपित गर्‍यौं । यीमध्ये ४२ प्रतिशत गाई गर्भवती भए । हाल तीनवटा सुपर काउको जन्म भइसकेको छ, १७.५ प्रतिशत गाईको जन्म आगामी दिनमा हुन सक्छ ।

वैज्ञानिकको भनाइ अनुसार एउटा सुपर काउ एक वर्षमा १८ टन (१६.३ हजार लिटर) दूध दिन सक्षम हुन्छ । यो अमेरिकाको साधारण गाईको तुलनामा १.७ गुना बढी हो । यापिङ भन्छन्–चीनमा आगामी दुई तीन वर्षमा एक हजार सुपर काउ जन्माउने लक्ष्य छ । यसबाट डेयरी उद्योगलाई बढी फाइदा हुन्छ । हाल चीनमा हरेक १० हजारमध्ये पाँचवटा गाईले आफ्नो जीवनमा सय टन दूध दिन सक्छन् । यसको अलावा देशमा ७० प्रतिशत गाई आयात गरिन्छ ।

गत वर्ष चिनियाँ वैज्ञानिकले संसारको पहिलो क्लोन प्रक्रियाबाट आर्कटिक ब्वाँसो तयार गरेको थियो । सन् २०१७ मा चीनले यस्तै पशुको क्लोन गरेको थियो, जुन जनावरमा हुने ट्युबरक्युलोसिसलाई मात दिन सक्छ । अमेरिकासमेत कैयौं विकसित देशहरूले यस प्रविधिमाथि काम गरिरहेका छन् ।

# जासूसी बेलुन नष्ट

आठ दिनदेखि अमेरिकामाथि मडारिइरहेको चीनको जासूसी बेलुनलाई अमेरिकी एयरफोर्सले खसालेको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनको आदेशमा अमेरिकी एफ–२२ फाइटर पाइलटले बेलुनमाथि स्ट्राइक गरेका थियो । यो नष्ट भएपछि बाइडेनले पाइलटलाई धन्यवाद दिएका छन् । अमेरिकाको यस कारबाईप्रति चीनले रोष प्रकट गरेको छ । भनेको छ, बैलुन नष्ट गरेर अमेरिकाले अन्तर्राष्ट्रिय नियम उल्लङ्घन गरेको छ ।



२८ जनवरीका दिन अमेरिकी एयरपोर्ट क्षेत्रमा बेलुन प्रवेश गरेको थियो । त्यसपछि यो ३ फेब्रुअरीका दिन मोन्टाना क्षेत्रमा उडेको देखियो । यो अमेरिकाको एउटा न्युक्लियर मिसाइल क्षेत्र हो । सेनालाई शङ्का थियो कि बेलुनले जासूसी गरिरहेको छ । यहाँको जानकारी चीनसम्म पुर्‍याइरहेको छ । यसैकारण उनीहरूले यसमाथि निगरानी गरेका थिए ।

अमेरिकाको आकाशमा चीनको जासूसी बेलुन आएपछि दुवै देशबीच कूटनीतिक सङ्कट उत्पन्न भएको बताइन्छ । चीनले यसबारे भनेको छ, जसलाई अमेरिकाले खुफिया जानकारी जम्मा गर्ने जासूसी बेलुन भन्दैछ, त्यो केवल एउटा सिभिलियन एयरशिप हो, जुन आफ्नो तय रूटबाट अलमलिएको हो । यसको प्रयोग केवल मौसमको जानकारीको लागि गरिन्छ ।

बेलुन जब ६०–६५ हजार फिट उचाइमा उडिरहेको थियो त्यस दौरान अमेरिकाको एफ–२२ फाइटर जेटले प्रहार गर्‍यो । पेन्टागनले त्यसको अवशेष समुद्रबाट निकाल्ने कोशिश गरिरहेको छ । **–प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)**

# अन्तर्राष्ट्रिय समाचार

## टर्की-भूकम्पः झन्डै आठ हजारको मृत्यु

एन्टाक्या, (टर्की) २४ माघ/एपी

टर्कीको पूर्वी भाग र छिमेकी तथा बारम्बारको परकम्पका कारण उद्धार तथा राहतको काम द्रुत गतिमा अधिकतम उपयोग गर्दै यथाशक्य पीडितहरूमाझ पुग्ने प्रतिबद्धता जनाएका




सिरियाको अलेप्पो प्रदेशको जानडारिस शहरको भत्केको एउटा भवनबाट घाइतेको उद्धार गर्दै राहतकर्मी। यस भूकम्पले टर्की र सिरियामा गरी ८,३०० भन्दा बढी मानिसको ज्यान गइसकेको छ। फोटो : एएफपी

सिरियामा सोमवार भएको भूकम्पमा परी हालसम्म ७९०० जनाको मृत्यु भएको छ । हालसम्म टर्कीमा ५,८९४ र सिरियामा २,०३२ जनाले ज्यान गुमाएको सरकारी अधिकारीहरूले बताएका छन्।

प्रतिकूल मौसमको परवाह नगरी भग्नावशेषबाट बाँचेकाहरूलाई बाहिर निकाल्न उद्धारकर्ताहरू सङ्घर्ष गरिरहेका छन्। उद्धार तथा राहतको अनुगमन एवं समन्वय गरिरहेका संयुक्त राष्ट्रसङ्घका अधिकारीहरूले २० हजार मानिस हताहत भएको अनुमान गरेका छन्।

उद्धार तथा राहतका काम प्रभावकारी ढङ्गले अघि बढाउन विश्वका विभिन्न मुलुकले सहयोगी टोली परिचालन गरेका छन्। टर्कीका विपद् व्यवस्थापन निकायका अधिकारीले २४ हजार चार सय कर्मचारी भूकम्प प्रभावित स्थानमा परिचालन भएका बताएका छन्। करीब छ हजार भवन भत्केकाले सबै स्थानमा सहायता परिचालन गर्न कठिन भएको छ। सोमवार र मङ्गलवार कठ्याङ्ग्रिने चीसो सम्पादन गर्न हम्मेहम्मे परेको थियो।

टर्कीका राष्ट्रपति तैयप एर्दोगानले अति प्रभावित दश प्रान्तमा सङ्कटकाल घोषणा गरेका छन्। क्षतिग्रस्त टर्कीका शहरका बासिन्दा पर्याप्त सहायता प्राप्त नभएकोमा निराश छन्। उनीहरूले छानोविना हिउँमा बस्नु परेको, आफन्त बेपत्ता भएका, उद्धारले अपेक्षित गति नलिएकोमा दुःख व्यक्त गरेका छन्।

सोमवारको ७.८ म्याग्निच्युडको भूकम्प, त्यसको केही घण्टापछि झन्डै त्यति नै शक्तिशाली दोस्रो पराकम्पले अस्पताल, विद्यालय र आवासीय भवनहरू ध्वस्त हुनाका साथै हजारौं घाइते भएका छन्। उत्तरी सिरियामा पनि असङ्ख्य मानिस घरवारविहीन भएका छन्।

क्षतिग्रस्त सडक, प्रतिकूल मौसम, स्रोत-साधन र भारी उपकरणको अभावले सबैभन्दा बढी प्रभावित क्षेत्रमा सहायता परिचालनमा विलम्ब भएको सुरक्षा अधिकारीहरूले स्वीकार गरेका छन्। उनीहरूले उपलब्ध स्रोत, साधनको छन्। कतिपय क्षेत्रमा इन्धन र बिजुली नहुँदा जीवन अकल्पनीय कष्टकर भएको छ।

मानवीय सहायता अधिकारीहरूले करीब १२ वर्षको गृहयुद्धपछि मानवीय सङ्कटबाट पीडित सिरियाको अवस्थाप्रति चिन्ता व्यक्त गरेका छन्। उनीहरूले बालबालिका र महिला अधिक प्रभावित भएको बताएका छन्। अन्तर्राष्ट्रिय समुदायले प्रदान गरेका सहायता सामग्री टर्की पुग्न थालेका छन्। टर्कीलाई अहिले नगदको आवश्यकता परेको अन्तर्राष्ट्रिय सहायता निकायले बताएका छन्। अमेरिकी खोज तथा उद्धार टोली आज टर्की आउने भएको छ।

युरोपेली सङ्घमा आबद्ध १३ देशले राहत सामग्रीसहित उद्धार टोली परिचालन गरेका छन्। मङ्गलवार टर्की र सिरियाका भूकम्पपीडितका लागि चीन, भारत, जापान, फिलिपिन्स, अस्ट्रेलिया, न्युजिल्यान्डलगायत मुलुकले आर्थिक एवं भौतिक सहयोगको घोषणा गरेका थिए। रासस

## युद्ध अभ्यास विस्तार गर्न नेता किमको निर्देशन

सोल, २५ माघ/एपी

उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नो छिमेकी र वाशिंगगटनसँग बढ्दो तनावबीच आफ्नो फौजलाई युद्ध अभ्यास विस्तार गर्न निर्देशन दिएका छन्। सत्तारूढ वर्कर्स पार्टीको केन्द्रीय सैन्य आयोगको पछिल्लो बैठकको अध्यक्षता गर्दै उनले सुदृढ युद्ध तयारीका निम्ति निर्देशन दिएका हुन्।

क्षेप्यास्त्र परीक्षण र हतियार प्रदर्शन गरेर कोरियाली प्रायद्वीपको शान्ति एवं स्थायित्वलाई पहिलेदेखि नै उत्तेजक बनाएको उत्तर कोरियाली नेताले अतुलनीय शक्ति प्रदर्शन गर्न तथा विकासका नयाँ चरण खोल्न सशस्त्र सैन्य बललाई आदेश दिएको देशको आधिकारिक समाचार समितिले जनाएको छ। उत्तर कोरियाले सैन्य परेडको योजना बनाइरहेका बेला उक्त बैठक भएको हो। आणविक हतियार र क्षेप्यास्त्र कार्यक्रमबाट नवीनतम शक्ति प्रदर्शन गर्ने प्योङ्याङको तयारीले संयुक्त राज्य अमेरिका र एशिया-प्रशान्त क्षेत्रका उसका सहयोगीलाई थप चिन्तित बनाएको छ। नेता किमका शीर्ष सैन्य अधिकारीहरूको प्रतिनिधित्व रहेको आयोगका सदस्यहरूले सेनामा ठूलो परिवर्तन ल्याउने, युद्ध अभ्यासलाई निरन्तर विस्तार गर्ने र युद्धको तयारीलाई तीव्र गतिमा अघि बढाउनेबारे छलफल गरेको समितिले बताएको छ। बैठकमा सैन्य मामिलामा मौलिक सुधारका साथै त्यसको सुदृढीकरणमा जोड दिइएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – शत्रुभय | वृष – कार्यनाश |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनखति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – वादविवाद | मीन – यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


## सैनिक कारबाईमा बाह्र जना आतङ्कवादी मारिए

इस्लामाबाद, २५ माघ/सिन्ह्वा

आतङ्कवादीविरुद्ध पाकिस्तानी सेनाले उत्तरपश्चिम खैबर पाख्तुनख्वा प्रान्तमा गरेको कारबाईमा १२ जना मारिएका छन्। गए राति गरिएको सैनिक कारबाईमा ती अतिवादी मारिएका हुन्।

गुप्तचर सूचनाका आधारमा गरिएको कारबाईमा प्रतिबन्धित तेहरिक-ए-तालिबान पाकिस्तानसँग सम्बन्धित आतङ्ककारी मारिएका राष्ट्रिय सेनाको मिडिया शाखा इनटरसर्भिसेस पब्लिक रिलेशन (आइएसपीआर) ले बुधवार जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

कारबाईका क्रममा आतङ्कारीहरूबाट हतियार, गोलाबारूद र विदेशी मुद्रा पनि बरामद गरिएको छ।

कारबाईस्थल र त्यसको वरपर सुरक्षा बलले खोजतलाश जारी राखेको छ। अघिल्लो सातादेखि नै सुरक्षा निकायले उक्त प्रान्तमा आतङ्कवादी गतिविधिमाथि निरन्तर निगरानी गरेको थियो।

अफगानिस्तान र पाकिस्तानको सीमामा सक्रिय पाकिस्तानी तालिबान समूहले सन् २००७ देखि पाकिस्तानमा आतङ्कवादी गतिविधि गरिरहेको छ। विभिन्न इस्लामिक सशस्त्र लडाकू समूहसँग आबद्ध तेहरिक-ए-तालिबानले निर्दोष नागरिक र भौतिक सम्पत्तिमाथि हमला गर्दै आएको छ। रासस

## मीनाबजारको अव्यवस्थित तरकारी बजार सारियो



तस्वीरः प्रतीक

प्रस, वीरगंज, २५ माघ/

वीरगंज महानगरपालिकाले अव्यवस्थितरूपमा मीनाबजार वरिपरि रहेको तरकारी बजारलाई गीता मन्दिरदेखि पूर्व खाली जग्गामा स्थानान्तरण गरेको छ।

लामो समयदेखि मीनाबजार वरिपरि अव्यवस्थित तरीकाले तरकारी बजार लाग्दै आएको थियो जसले गर्दा सवारी आवागमन र ट्राफिक व्यवस्थापनमा समस्या भएको थियो।

मङ्गलवारदेखि मनपाले सो स्थानमा रहेका तरकारी बजारलाई गीता मन्दिर अगाडि स्थानान्तरण गरेपछि अहिले टेलिकम (मीनाबजार क्षेत्र) फराकिलो भएको छ। त्यहाँ लाग्ने बजारको कारण हुने भीड हिजोदेखि हटेको छ।

## मधेस प्रदेश : बक्यौता भुक्तानी गर्न माग

जनकपुरधाम, २५ माघ/रासस

मधेस प्रदेशमा विगत आर्थिक वर्षमा सञ्चालित मुख्यमन्त्री स्वच्छता अभियान कार्यक्रमअन्तर्गतका योजनाको करिब रु एक अर्ब बक्यौता रकम तत्काल भुक्तानी गर्न निर्माण व्यवसायीले आग्रह गरेका छन्।



मधेस प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोज यादवसँग वार्तालाप गर्दै व्यवसायीहरू। तस्वीरः सौजन्य

मधेस प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोज यादवलाई बुधवार मन्त्रालयमा भेटेर व्यवसायीहरूले विगत दुई वर्षदेखि बक्यौता रहेको रकम भुक्तानी नगरे गम्भीर समस्या आउनसक्ने बताएका छन्।

निर्माण व्यवसायीका तर्फबाट व्यवसायी खुशीलाल ठाकुरले ४१ वटा योजनाको करिब रु एक अर्ब रकम भुक्तानी गर्न बाँकी रहेकाले तत्काल समस्या समाधान गर्नुपर्ने बताए। उनले सार्वजनिकरूपमा प्रतिस्पर्धा गरेर छनोट भएका व्यवसायी र सरकारबीच योजना सम्झौता भई काम भइसकेपछि प्रक्रिया नपुगेको भनी अल्झाउने काम भइरहेको आरोप लगाए।

'४१ योजनामध्ये अधिकांश व्यवसायीले काम सम्पन्न गरिसकेको छ, कतिपय काम बीचमै रोकिएको छ, तर भुक्तानी दिइएको छैन', ठाकुरले भने, 'एक/दुई वर्षदेखि करोडौं रकम भुक्तानी नहुँदा निर्माण व्यवसायी र उधारोमा सामान दिएका व्यवसायी घरबार बेच्न बाध्य भएका छौं, यसको समाधान छिटो गरिदिनुपर्‍यो।'

व्यवसायी देव झाले पनि वर्ष दिनसम्म करोडौं रकम भुक्तानी नपाउँदा आफूहरूले निकै सास्ती खेपेको बताए। अर्का व्यवसायी रविशङ्कर यादवले सरकारले समयमै भुक्तानी नदिए व्यवसायीहरूले गम्भीर क्षति व्यहोर्नुपर्ने अवस्था आएकाले गम्भीरतापूर्वक आफूहरूका माग सुनुवाइ गर्न सरकारलाई आग्रह गरे।

जवाफमा भौतिक पूर्वाधारमन्त्री सरोज यादवले बक्यौता रकम भुक्तानी गर्न सरकारले पहल शुरू गरेको बताए। उनले आवश्यक प्रक्रिया पूरा गरेर बक्यौता रकम भुक्तानी गर्न पहल शुरू भइसकेकाले व्यवसायीलाई आश्वस्त हुन आग्रह गरे। 'हाम्रो मन्त्रालयअन्तर्गत उपभोक्ता समितिबाट सञ्चालित केही योजनाको रु ३४ करोड र मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट कार्यान्वयन भएको मुख्यमन्त्री स्वच्छता कार्यक्रमको करिब रु एक अर्ब भुक्तानी गर्न बाँकी छ', मन्त्री यादवले भने, 'यो सबै रकम भुक्तानीका लागि आवश्यक प्रक्रिया पूरा गर्न अध्ययन समिति बनाएका छौं, त्यसको प्रतिवेदनका आधारमा बाँकी काम हुन्छ।'

मन्त्रालयको ग्रामीण सडक महाशाखा प्रमुख सञ्जयप्रसाद साहले पुरानो आर्थिक वर्षको रकम भुक्तानीमा केही कानुनी र प्रक्रियागत समस्या भएकाले प्याकेजमा समस्या समाधान हुने गरी काम गर्नुपर्ने बताए। उनले सार्वजनिक खरिद नियमावली, २०७९ को बाऱ्हौ संशोधनले पनि समस्या समाधान नभएकाले अब भुक्तानी पाउने सुनिश्चिततासहित आवश्यक कानुनी सुधार गर्नुपर्नेमा जोड दिए।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउतको पालामा प्रदेशमा स्वच्छता कायम गर्ने उद्देश्यसहित मुख्यमन्त्री स्वच्छता अभियान सञ्चालन गरिएको थियो। जसअन्तर्गत सरकारी कार्यालय, बाटोघाटो, धार्मिकस्थल, विद्यालय, पोखरी, इनारलगायत सार्वजनिकस्थल तथा निजी स्थानमा सरसफाइ तथा स्वच्छताको स्तर बढाउने लक्ष्य राखेको थियो। त्यही कार्यक्रमअन्तर्गत सार्वजनिक शौचालय, पार्क तथा पोखरीको सौन्दर्यीकरण, मन्दिरहरू सौन्दर्यीकरणका काम भएका थिए।

## मालपोतको कामकाज एक सातापछि पुनः सञ्चालन

जलेश्वर, २५ माघ/रासस

महोत्तरी मालपोत कार्यालयको कामकाज आज एक सातापछि पुनः सञ्चालन भएको छ। लेखापढी कानून व्यवसायीहरूको आन्दोलनका कारण गत बुधवारदेखि सदरमुकाम जलेश्वरस्थित उक्त कार्यालयको कामकाज ठप्प रहेकोमा आजदेखि पुनः सबै कामकाज सञ्चालन भएको कार्यालयका प्रमुख मोहम्मद इजहार आलमले बताए।

उक्त कार्यालयमा आबद्ध करीब दुई सय लेखापढी कानून व्यवसायी (लेखनदास) हरूले सेवाग्राहीलाई आवश्यक पर्ने राजीनामा, जग्गापास, नामसारी, अंशबन्डा, रोक्का, रोक्का फुकुवालगायत सबै कामकाज बुधवारदेखि नै ठप्प पारेका कारण एक सातासम्म कार्यालय बन्द थियो।

गत बुधवार जिल्ला प्रहरीले मालपोत कार्यालयबाट पाँच बिचौलियालाई पक्राउ गरेपछि लेखापढी व्यवसायीहरूले पक्राउ पर्ने पनि लेखनदास रहेको भन्दै उनीहरूलाई निशर्त छाड्न माग गर्दै आन्दोलनमा उत्रेपछि शुक्रवार प्रहरीले उनीहरूलाई रिहा गरेको थियो तर पनि लेखनदासहरूले उनीहरूमाथि लगाइएको मुद्दा खारेज हुनुपर्ने, कार्यालयमा निर्बाध लेखापढी व्यवसायीहरू आउजाउ गर्न पाउनुपर्ने र प्रहरीले कोही कसैलाई समात्न नपाउने भन्दै काममा फर्केका थिएनन्।

यसैबीच आन्दोलनरत लेखनदासहरू र कार्यालयबीच मङ्गलवार साँझ सहमति भएपछि सम्पूर्ण आन्दोलनको कार्यक्रम स्थगित गरी आजदेखि मालपोतको सम्पूर्ण कामकाज सञ्चालन भएको लेखापढी कानून व्यवसायी एसोसिएशनका अध्यक्ष श्यामसुन्दर यादवले बताए।

प्रहरीले गत बुधवार दिउँसो कार्यालयको प्राङ्गणमा सेवाग्राहीहरूलाई हाकिम, कर्मचारीहरूसँग सेटिङ रहेकोले छिटोछरितो काम गराइदिने प्रलोभन देखाउँदै पैसाको मोलमोलाई गरिरहेको अवस्थामा पाँचजना बिचौलियालाई पक्राउ गरेको थियो तर लेखनदासहरूले उनीहरू बिचौलिया नभएर कानून व्यवसायी रहेका र उनीहरूलाई छाड्नुपर्ने भन्दै आन्दोलन चर्काएर एक सातासम्म कार्यालयको सम्पूर्ण कामकाज ठप्प पारेका थिए।

# दहत्तर-बहत्तर ठेक्का लाग्न सकेन

जीतलाल श्रेष्ठ, निजगढ, २५ माघ/

निजगढ नगरपालिकाले नदीजन्य पदार्थ (दहत्तर-बहत्तर) ठेक्का लगाउन सूचना आह्वान गरेपनि ठेक्का लाग्न सकेन।




निजगढ नपाले ३० दिने नदीजन्य पदार्थको ठेक्का बन्दोबस्तीका लागि गत पुस २४ गते सार्वजनिक सूचना जारी गरी आज बुधवार टेन्डर खोल्नुपर्ने दिनसम्म टेन्डर नपर्दा ठेक्का लाग्न नसकेको निजगढ नपाको कार्यालयले जनाएको छ।

निजगढ नपाले बकैयाखोला, धन्सार, बगर, शक्ति र लाल–भक्तलाल खोलाबाट १ करोड ५६ लाख १४, ७४४ घनफिट नदीजन्य पदार्थ उत्खनन, सङ्कलन र बिक्रीका लागि भ्याटबाहेक न्यूनतम १२ करोड ४९ लाख १७,९५२ रुपियाँमा ठेक्का सकार गर्न सूचना आह्वान गर`को थियो।


निजगढ नपाले वन क्षेत्रभित्र विनाजानकारी र सहमति आइइई रिपोर्ट तयार गरी नदीजन्य पदार्थको ठेक्का बन्दोबस्ती गरेको भन्दै यसबाट वन ऐन, नियम आकर्षित हुने चेतावनी पाएपछि ठेकेदारहरू वन क्षेत्रमा पस्न आँट गरेनन्।

अधिकांश नदीजन्य पदार्थ क्रसर उद्योगमा बिक्री हुने गरेको छ। सरकारले लामो समयदेखि क्रसर उद्योगहरूले नवीकरण नगरेकोले विद्युत् आपूर्ति काटी बन्द गर्ने र खुलाउने गर्दै आएपछि ठेक्का नलागेको अनुमान छ। यता निजगढ नपाले नगर प्रहरी खटाएर नदीजन्य पदार्थ उत्खनन तथा निकासी कर सङ्कलन गर्दै आएको छ।

# सवा छसय बोरा अखाद्य चना/ओखर नष्ट

प्रस, वीरगंज, २५ माघ/

जिल्ला प्रशासन कार्यालय पर्सा, बोरा अखाद्य चना र २० बोरा ओखर बरामद भएपछि बुधवार नष्ट गरेको खोलिएको र बरामद चना जिल्ला प्रशासनमा खाल्डो खनेर नष्ट गरिएको



चना राखिएको गोदामलाई सिलबन्दी गरिँदै। तस्वीरः प्रतीक

वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयसमेतको संयुक्त अनुगमन टोलीले अखाद्य चना र ओखर नष्ट गरेको छ। अनुगमनको क्रममा माघ १८ गते वीरगंज महानगर–३ छपकैयास्थित कैलाश कोल्ड स्टोरेजमा भण्डारण रहेको २५ किलो तौलको ६२५ सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले बताए।

जिप्रका, पर्सा, वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालय, कन्जुमर आई नेपाल, नेपाल पत्रकार महासङ्घ, पर्साका उपाध्यक्ष युवराज खड्काको उपस्थितिमा बुधवार सिल सप्रजिअ पौडेलले बताए।

उनले बाराको आधुनिक दाल उद्योग प्रालि छातापिपराका सञ्चालक पवन साहले पुरानो बोराको चना र ओखर नयाँ प्याकिङ गरी कैलाश कोल्ड स्टोरेजमा भण्डारण गरेको सूचनाको आधारमा छापामारी गरेको र भण्डारण गरिएको चना सिल गरिएको बताए।

उनले अखाद्य चनालाई खाद्य बनाउन तिकडम रच्ने आधुनिक दाल उद्योग प्रालि छातापिपरालाई वाणिज्य आपूर्ति तथा उपभोक्ता हित संरक्षण कार्यालयले दुई लाख जरिवाना गरेको जानकारी दिएका छन्।




# प्रतिबन्धित औषधिसहित तीनजना पक्राउ

प्रस, वीरगंज, २५ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साले प्रतिबन्धित लागू औषध ओनरेक्स १६६ बोतल र कोडिवेल कफ सिरप ५७ बोतल




प्रतिबन्धित लागू औषधसहित मङ्गलवार तीनजनालाई पक्राउ गरेको जनाएको छ।

वीरगंज महानगरपालिका–२५ ड्राइपोर्ट गेटअगाडि प्रदेश २–०३–००१ क १९३४ नम्बरको ट्रक चेकजाँच गर्ने क्रममा चालक बस्ने सिटमुनि सेतो प्लास्टिकको बोराभित्र लुकाइछिपाई ल्याएको गरी जम्मा २२३ बोतल फेला परेको जिप्रका, पर्साले जनाएको छ।

ट्रकचालक मकवानपुर हेटौंडा उपमहानगरपालिका–९ बस्ने ४२ वर्षीय निर्मल पौडेल, सोही ठाउँका ४० वर्षीय रमेश थापा र २९ वर्षीय सुदर्शन खड्कालाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

# खेलकूदको संसार

## प्रदेशस्तरीय दृष्टिविहीन क्रिकेट प्रतियोगिता शुरू

प्रस, वीरगंज, २५ माघ/

वीरगंजमा बुधवारदेखि सञ्चालित प्रदेशस्तरीय दृष्टिविहीन क्रिकेट प्रतियोगिताको नगरप्रमुख राजेशमान सिंहले उद्घाटन




गरेका छन्।

नारायणी रङ्गशालामा आजदेखि सञ्चालित प्रतियोगिताको उद्घाटन गर्दै नगरप्रमुख सिंहले फरक क्षमता राख्ने दृष्टिविहीनको क्षमता उजागर गर्न महानगर हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताए। उनले खेलको माध्यमबाट देशको पहिचान गराउनेगरी प्रतिस्पर्धामा उत्रन दृष्टिविहीनहरूलाई सुझाए।

नेपाल नेत्रहीन क्रिकेट सङ्घ र मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घको आयोजना तथा वीरगंज महानगरपालिका र आइचको सहयोगमा आजदेखि शुरू भएको क्रिकेट प्रतियोगिता माघ २८ गतेसम्म सञ्चालन हुने आयोजक कमिटीले बताएको छ।

प्रतियोगितामा सातवटै प्रदेशका दृष्टिविहीन खेलाडीहरूको सहभागिता छ। प्रतियोगितामा विजयी हुने टीमलाई नगद रु २० हजार र उपविजेतालाई रु १० हजार प्रदान गरिने सङ्घका कोषाध्यक्ष उपेन्द्र श्रेष्ठले बताए। उद्घाटन खेल मधेस प्रदेश र प्रदेश नं. १ सुनसरीबीच भएको र मधेस प्रदेश विजयी भएको बताइएको छ।

# निजगढ राईडर्स क्लबको नेतृत्वमा ११ राइडर नेपालगंज प्रस्थान

जीतलाल श्रेष्ठ, निजगढ, २५ माघ/

'राष्ट्रका लागि खेलकूद, स्वास्थ्यका




लागि खेलकूद' नाराका साथ निजगढ राइडर्स क्लब र बारा जिल्ला साइकल सङ्घको टोली बुधवार नेपालगंज प्रस्थान गरेको छ। यही माघ २७ र २८ गते हुन गइरहेको साइकल फेस्टिभल–२०२३ मा सक्रिय सहभागिता जनाउन बाराको टोली प्रस्थान गरेको हो।

निजगढ नगर उपप्रमुख सोममाया थिङ र निमित्त प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद देवकोटाले साइकल टोलीमा सहभागीहरूलाई टीका, खादा, राइडर ले प्रयोग गर्ने हेलमेट प्रदान गर्दै शुभकामना दिंदै बिदाइ गरेका थिए। यस टोलीलाई निजगढ राइडर्स क्लबले नेतृत्व गर्दै ११ जना नेपालगंज प्रस्थान गरेको सो क्लबका अध्यक्ष गणेश रायमाझीले बताए। दैनिक निरन्तर साइकिलिङले शारीरिक व्यायाम हुने, मन, मस्तिष्क शान्त र अङ्ग चलायमान भएर व्यक्ति स्वस्थ, स्फूर्त रहने क्लबका अध्यक्ष रायमाझीले भने।

साइकल राइडर्स स्वस्थ्यसँग प्रत्यक्ष जोडिएको शारीरिक व्यायाम हो। सानादेखि वृद्धवृद्धासम्मले साइकिलिङ गर्न सक्ने बारा जिल्ला साइकल सङ्घका अध्यक्ष रामशरण सुवेदीले बताए।

"साइकिलिङगर्दा घाटा केही हुँदैन, शरीरमा स्फूर्ति कायम राख्दछ"– बारा निजगढका ५५ वर्षीय अग्रज साइकल राइडर मधुसूदन चौधरीले भने।

# चोरी गरेको आरोपमा भारतीय नागरिक पक्राउ

प्रस, वीरगंज, २५ माघ/

चोरी गरेको आरोपमा एकजना भारतीय नागरिकलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

रौनियार कामको सिलसिलामा काठमाडौं गएको हुँदा निजको घरमा कोही नभएको मौका छोपी दुई तल्ले




जनाएको छ।

माघ ७ गते वीरगंज महानगरपालिका–१२ बस्ने ५५ वर्षीय कपिलप्रसाद रौनियारको घरमा चोरी गरेको आरोपमा प्रहरीले सोमवार भारत, बिहार सीतामढी–६ घर भई हाल वीरगंज–१३ बस्ने २० वर्षीय राजु आलम भन्ने फैयाज आलमलाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

उनको कोठाबाट एलइडी टिभी दुई थान, क्यामेरा थान १, घडी थान–१ अन्य ससाना गहनाजस्तो देखिने धातु र लागूऔषध बरामद गरेको जिप्रका, पर्साले घरको ढोकाको ताल्चा फुटाई घरमा प्रवेश गरी नगद एक लाख तथा गरगहना गरी एघार लाख दश हजार बराबरको धनमाल चोरी भएको जिप्रका, पर्साले जनाएको छ।

माघ २३ गते वडा प्रहरी कार्यालय श्रीपुर पर्साबाट प्रहरी निरीक्षक डिल्लीराज सापकोटाको कमान्डमा खटेको टोलीले खोजतलाश गर्ने क्रममा आलमलाई वीरगंज–१३ सडकखण्डबाट पक्राउ गरी चोरी सम्बन्धी कसूरमा पाँच दिने म्याद थप गरी अनुसन्धान भइरहेको जिप्रका, पर्साले जनाएको छ।